**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २२ अक्तूबर २०२४

समयः १८ः५० - १६ः०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी ब्रिक्स शिखर सम्मेलनमा भाग लिन रूस पुग्नु भएको छ। रूसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग उहाँले द्विपक्षीय वार्ता गर्नुभयो।

२. भाजपाको संगठन पर्व तथा सदस्यता अभियान समीक्षा बैठकमा दार्जीलिङका सांसद राजु विष्ट उपस्थित। 1 करोड 50 लाखभन्दा बढी सदस्य बनेको उहाँको दाबी।

३. 17 दिनसम्म आमरण अनशनमा बसेका जुनियर डाक्टरहरूले हिजो मुख्यमन्त्रीसितको बैठकपछि अनशन समाप्त गरेका छन्।

४. आन्दोलनकारी लङ्गभ्यूका श्रमिक टोलीलाई श्रम विभागद्वारा बैठकको निम्तो।

५. बीएसएनएल-ले आफ्नो फोर-जी सेवा शुरु गरे यता उसका ग्राहकहरूको सङ्ख्यामा 75 लाखको वृद्धि भएको छ।

**प्रधानमन्त्री - रुस**

रुसको कजानमा १६औं ब्रिक्स शिखर सम्मेलनको क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग द्विपक्षीय वार्ता गर्नु भएको छ। वार्तामा मोदीले रुस–युक्रेन द्वन्द्व शान्तिपूर्ण ढंगले समाधान गर्नुपर्ने भारतको अडान दोहोऱ्याउनु भयो। उहाँले मानवीय प्रयासलाई प्राथमिकता दिएर यस क्षेत्रमा शान्ति र स्थायित्वको प्रारम्भिक पुनर्स्थापनालाई भारतले समर्थन गर्ने बताउनु भयो। यस दिशामा भारत हरेक किसिमको सहयोग गर्न तयार रहेको उहाँले बताउनु भयो। श्री मोदीले कजानमा भारतको नयाँ वाणिज्य दूतावास खोल्दा दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउने बताउनु भयो। अर्कोतिर, काजानमा वाणिज्य दूतावास खोल्ने भारतको निर्णयको रुसी राष्ट्रपतिले स्वागत गर्नु भएको छ। प्रधानमन्त्रीलाई रुसको स्कोंनले बैदिक मन्त्रोच्चारणसहित स्वागत गरेको थियो|

****** ० ******

**दार्जीलिङ सासंद**

भारतीय जनता पार्टीको संगठन पर्व तथा राष्ट्रीय स्तरमा सदस्यता अभियान समीक्षा बैठक नयाँ दिल्लीस्थित पार्टी मुख्यालयमा सम्पन्न भएको जानकारी दार्जीलिङका लोकसभा सांसद राजु विष्टले एक सामाजिक सञ्जाल पोस्टमा दिएका छन्। सो बैठकमा सांसद स्वयं उपस्थित रहेको भन्दै विगत 45 दिनमा देशभरी भाजपाका 1 करोड 50 लाख भन्दा बढी सदस्य बनिसकेको तथा निर्धारित समय अगावै 10 करोड सदस्य बनाउने लक्ष्य पुरा गरिइने बताएका छन्। भाजपाका राष्ट्रीय अध्यक्ष जेपी नड्डाको अध्यक्षतामा भएको यस बैठकमा पार्टी महासचिव दुष्यन्त गौतमए पार्टी सगंठन महामन्त्री बीएल सन्तोष लगायत सबै राज्य र केन्द्रशासित प्रदेशका पार्टी अध्यक्षहरू उपस्थित थिए।

****** ० ******

**पश्चिम बंगाल उपचुनाउ**

पश्चिम बंगालमा छःवटा विधानसभा आसनमा हुन गइरहेको उपचुनाउमा चौतर्फी प्रतिद्वन्द्विता हुने देखिएको छ। माकपाले चारवटा आसनको निम्ति आफ्ना उम्मेद्वारहरूको घोषणा गरेको छ जसबाट यो उपचुनाउमा तृणमूलए भाजपाए माकपा र कंग्रेसबीच कडा प्रतिस्पर्धा हुने स्पष्ट देखिएको छ। माकपाले कुचबिहारका सिताईए अलिपुरद्वारको मदारीहाटए पश्चिम मेदिनीपुरको मेदिनीपुर

र बाँकुड़ाको तालडांगरा आसनमा आफ्ना उम्मेद्वार खडा गरिसकेको छ। यद्यपि हरोआ सीटका लागि उम्मेद्वारको घोषणा हुन बाँकी छ । यसैबीच कंग्रेसले छःवटै आसनका लागि १७जना सम्भावित उम्मेद्वारहरूको नाम दिल्लीमा पार्टीका शीर्ष नेतृत्वलाई पठाएको छ।

अर्कोतिर गए सप्ताह भाजपाले आफ्ना उम्मेद्वारहरूको घोषणा गरेको थियो भने तृणमूल कंग्रेसले पनि आफ्नो सूची जारी गरिसकेको छ।राजनीतिक जानकारहरूको भनाइअनुसार ए चौतर्फी स्पर्धाबाट विरोधी दलहरूमा भोट बाँड़िनेछ । यो उपचुनाउ तृणमूल र भाजपा दुवैको लागि महत्त्वपूर्ण छ किनभने हालैमा कोलकाताको आरजी कर मेडिकल कलेजमा एकजना महिला डाक्टरसित भएको दुष्कर्म अनि हत्याको मामिलाले राज्यको परिवेश तनाउपूर्ण भएको छ।

****** ० ******

## जुनियर डाक्टरहरू- आन्दोलन फिर्ता

मुख्यमंत्री ममता बनर्जी अनि आन्दोनकरी जुनियर डाक्टरहरूको प्रतिनिधि टोली बीच हिजो अबेर साँझ राज्य सचिवालय नवान्नमा भएको बैठक पछि आमरण अनशनमा बसेका जुनियर डाक्टरहरूले अनशन फिर्ता लिएका छन्। विगत १७ दिन देखि राज्यका विभिन्न अस्पतालहरूमा कतिपय जुनियर डाक्टरहरू आमरण अनशनमा बसेका थिए। पश्चिम बंगाल जुनियर डाक्टर फ्रन्टले भनेको छए आरजी कर अस्पताल काण्ड की पीडिताको आमा बाबाको अनुरोधमा यो अनशन फिर्ता लिएको हो। डाकेटरहरूले भोकहड़तालका साथ स्वास्थ्य हड़ताललाई पनि समाप्त गरेका छन्। मुख्यमंत्री ममता बनर्जीले राज्यका सबै मेडिकल कलेजहरूमा आगामी वर्षको मार्च महिना सम्ममा छात्र संगठनको चुनाव गराउने वाचा गर्नु भएको छ । यसका साथै मुख्यमंत्रीले मेडिकल कलेजका लागि राज्य टास्क फोर्सको गठन गरिने जसमा सिनियर र जुनियर डाक्टरहरूका दुई-दुई प्रतिनिधि र कलेका र सरकारका प्रतिनिधिलाई सामेल रहने आश्वासन दिनु भएकोछ। यद्यपी डाक्टरहरूले आर जी कर अस्पताल बलात्कार र जघन्य हत्याका पीडिता जुनियर महिला डाक्टरले न्याय नपाए सम्म आन्दोलन जारी राख्ने अठोठ गरेका छन्। आन्दोलनको स्वरूप परिवर्तन गरी आन्दोलन गर्ने मार्गलाई खुला राखेका छन्। आन्दोलनकारी डाक्टरहरूले स्पष्ट रूपमा भनेका छनि कि मुख्यमंत्री ममता बनर्जीको अनुरोधमा आफ्नो हड़ताल फिर्ता लिएका होइनन तर पीडिताका माता पिताको अनुरोधमा दड़ताल फिर्ता लिएका हुन। जुनियर डाक्टरहरूले २६ अक्टूबरको दिन आर.जी.कर कलेज-अस्पतालमा सामुहिक सम्मेलन गर्ने घोषणा गरेका छन्।

****** ० ******

## दाना तुफान

बंगालको खाडीमा बनेको ‘दाना’ तुफानलाई लिएर पश्चिम बंगालमा पहिलेदेखि नै सतर्कता अप्नाइएको छ । मौसम विभागको पूर्वानुमान अनुसार बुधबार बिहानसम्म ‘दाना’ तुफान बन्ने सम्भावना छ र यसपछि यो तुफान अझ शक्तिशाली भएर ओडिशा र बंगालको तटीय क्षेत्रतर्फ अघि बढ्नेछ । यस तुफानको प्रभावलाई ध्यानमा राख्दै पश्चिम बंगालको तटीय क्षेत्रमा विशेष तयारी भइरहेको छ ।तुफान अझै पूर्ण रूपमा विकसित भएको छैनए तर सम्भावित खतरालाई ध्यानमा राख्दै प्रशासनले सागरद्वीप र दिघा बीचको क्षेत्रमा चेतावनी जारी गरेको छ। पश्चिम बंगाल बाहेकए आजसम्म पुरीलाई लगभग खाली गरिसकेको छ र ओडिशा सरकारले बाहिरबाट आएका सबै पर्यटकहरूलाई बुधवार अघि आ-आफ्नो राज्यमा फर्कन निर्देशन दिएको छ। त्यस्तैए प्रशासनले बंगालका दुई तटीय जिल्लाहरू - पूर्वी मेदिनीपुर र दक्षिण 24 परगनामा पनि सतर्कता बढाएको छ। प्रशासनले माइकिङ गरिरहेको छ भने आश्रयस्थल तयार पारिएको छ ।मौसम विभागअनुसार सोमबारदेखि पूर्वी र मध्य बङ्गालको खाडीमा समुन्द्र अशान्त बनेको छ र यो चाप बिहीबार थप बढ्ने सम्भावना छ । यस अवधि माछा मार्नेहरूलाई समुन्द्रमा जान प्रतिबन्ध लगाइएको छ। आँधीको प्रभाव उत्तर र दक्षिण 24 परगनाए पूर्वी र पश्चिम मेदिनीपुरए हावडाए हुगलीए कोलकाता र बंगालको बांकुड़ा जिल्लाहरूमा देख्न सकिन्छ। आँधीको सामना गर्नए राष्ट्रिय विपद् प्रतिक्रिया बल (छक्त्थ्द्ध को 14 टोली बंगालमा र 11 टोली ओडिशामा खटाइएको छए जुन आवश्यकता अनुसार प्रभावित क्षेत्रमा सक्रिय रहनेछ। यस तुफानका कारण बंगाल र ओडिशाको तटीय क्षेत्रमा ठूलो विनाश हुने अनुमान गरिएको छ र प्रशासनले पूर्ण रूपमा सतर्कता अप्नाएको छ।

****** ० ******

## काली पूजा-सिलगढी

काली पूजाको महापर्व आउन अब केही दिन मात्र छ। यस वर्ष काली पूजामा सिलगढीको नेताजी सुभाष स्पोर्टिङ क्लबले तरापीठको तारा माँ-को रूपमा २५ फुट अग्लो एउटा भव्य मूर्ति बनाई रहेको छ।

उत्तर बंगालमा नै यो पहिला अवसर होए  जहाँ काली पूजामा २५  फुट अग्लो तारा माँ को मूर्ति बनाइँदैछ। यस वर्ष क्लबको पूजाले ५६औ वर्षमा प्रवेश गर्नेछ।यस वाहेकए  प्रकाश सज्जा अनि मण्डपको सजावटमा पनि विशेष आकर्षण रहने बताइएको छ। पूजा आयोजक समितिले दिएको जानकारी अनुसार आगामी ३० अक्टोबरको दिन पूजाको उद्धाटन हुनेछ। उत्तर बंगालमा नै पहिलो पल्ट तरापीठको तारा माँ को रूपमा विराट मूर्ति बनाइँदैछ। पूजा अवधि विभिन्न सामाजिक साथै सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरिनेछ।

****** ० ******

## लङभ्यु चिया श्रमिक

लङभ्यु चिया श्रमिकहरूको १५ दिनको लगातार अनशनपछि अन्त त आज श्रम विभागले त्रिपक्षीय वार्ताको निम्ति आधिकारिक पत्र जारी गरेको छ । बार्ता २३ अक्टोबरको दिन हुनेछ| श्रमिकहरूको अटुट प्रतिबद्धताको कारण नै वार्ताको निम्ति मालिकबर्ग बाध्य बनेको हिमालयन प्लानटरस एम्प्लोयीज युनियनका नेता छेवाङ योञ्जनको भनाई छ। युनियनको तर्फबाट जारी एक बिज्ञप्तिमा भनिएको छ,  श्रमिकहरुको एक  डेलिगेशन टोली भोलि १२ बजे श्रमिक भवनमा हुने बैठकमा भाग लिने लिनेछ। वार्ताको निम्ति बोलाइए त पनि लङभ्यू बगान कार्यालयमा श्रमिकहरूको अनशन जारी रहने जानकारी पनि बिज्ञप्तिमा उल्लेख  छ। बिज्ञप्ति अनुसार, जब बगान सञ्चालनका निम्ति सकारात्मक पदक्षेप हुँदैन। जबसम्म आन्दोलनरत श्रमिकहरूको माग पुरा हुँदैन, तबसम्म अनशन जारी रहनेछ।

****** ० ******

## गाँउबासी द्वारा सडक मर्मत कार्य।

मिरिकको थर्बु निगाले फाटक ट्याक्सी  स्याण्डदेखि नन्दलाल गाउँ हुँदै चारनम्बर गाउँ चौपतीसम्म पुगेको सडक जीर्ण बनेपछि गाँउबासीले आइतबारदेखि  मरमती गर्न  शुरु गरेको छ भने तेस्रो दिन आज पनि गाँउबासीको व्यापक सहभागितामा सडक मरमती गरियो। गाँउका सहयोगीहरूबाट सिमेन्ट एगिटीएबलुवा आदि संग्रह गरेर सडक मरमती गरिएको स्थानीय  डीपी शर्माले बताउनु भएको छ। दागोपापको समयमा निर्माण भएको उक्त सडक जीर्ण बनेपछि स्थानीय  मानिसएरोगीएविध्यार्थीहरूले यातायातमा धेरै समस्या झेल्न परेको जसलाई ध्यानमा राखेर मरमती गरिएको उहाँले बताउनु भयो। उहाँले  उक्त सडक मरमतीका लागि टेण्डरसम्म पास भइसकेको अनि वार्क अडर आएको  जानकारी गराँउदै ठेकेदारहरूलाई शीघ्र सडकको मरमती गरिदिने अनुरोध गर्नु भयो।

****** ० ******

## देउसी भैलो कार्यक्रम

कालेबुङ जिल्ला युवा कलाकार संगठन अनि जि टि ए को संयुक्त आयोजनामा कालेबुङमा आगामी २७ अक्टोबरको दिन देउसी भैलो कार्यक्रमसँगै साँस्कृतिक कार्यक्रम सम्पन्न भईरहेको सचिव रुपा भुजेलले जानकारी दिनु भएको छ ।कला संस्कार संस्कृतिको संरक्षण संवर्धन गर्न उक्त कार्यक्रमको आयोजना भैरहेको पनि उहाँले थप बताउनु भएको छ।

****** ० ******

## भुवनचन्द्र राई

मिरिकको प्रतिष्ठित स्नोड्रप्स स्कूलका संस्थापक  भुवनचन्द्र राईको आज विद्यालय परिसरमा दाहसंस्कार गरियो । विद्यालयका प्रधानाध्यापकए  विद्यार्थीहरूए  अभिभावकहरू लगायत अन्य मानिसहरूले भुवनचन्द्र राईलाई श्रद्धाञ्जली अर्पण गरे

।स्नोड्रप स्कुल मिरिकका संस्थापक तथा ओरेन्ज लेक स्कुल र लुईस स्कुलका पूर्व शिक्षाविद्  भुवनचन्द्र राईले धेरै दशक अघिदेखि मिरिकको शैक्षिक छेत्रमा महत्वपुर्ण योगदान दिदै आएका थिए|

****** ० ******

**आइसीडीएस कर्मचारी**

जीटीएद्वारा कार्यकाल अवधिमा निधन भएकी आइसीडीएस कर्मचारी स्व. पूजा प्रधानको परिवारलाई 2 लाख रूपैयाँ सहयोग प्रदान गरिएको छ। उक्त रकम वर्सिप सेन्टरको प्रेक्षागृहमा आयोजित शोक सम्वर्धना सभामा प्रदान गरिएको हो। कार्यक्रममा मुख्य अतिथिको रूपमा जीटीए ह्युमन एन्ड चाइल्ड डेभलपमेन्ट विभागकी भार प्राप्त सभासद् कल्पना प्रधान उपस्थित हुनुहुन्थ्यो। स्व. पूजा प्रधानको परिवारलाई 2 लाख रूपैयाँ आर्थिक सहायता र शोक सम्वर्धना पत्र प्रदान गरिएको उक्त कार्यक्रममा स्व. प्रधानको योगदानलाई सम्झँदै सम्मान व्यक्त गरिएको थियो।

**सिन्धिया - बीएसएनएल**

केन्द्रीय संचार मन्त्री ज्योतिरादित्य सिन्धियाले भन्नुभयो, भारत संचार निगम लिमिटेड-बीएसएनएल द्वारा 4G नेटवर्क सुरु भएदेखि गत छ महिनामा ग्राहकहरूको संख्या 75 लाख बाट बढेर 1 करोड 80 लाख पुगेको छ। आज नयाँ दिल्लीमा बीएसएनएलको नयाँ लोगो र सात नयाँ सेवाहरूको उद्घाटन गर्नुहुँदै, श्री सिन्धियाले भन्नुभयो भारत विश्वका छवटा देशहरूमा सामेल भएको छ जसले आफ्नो 4G नेटवर्क विकास गरेको छ र छिट्टै यसलाई 5G नेटवर्कमा रूपान्तरण गर्नेछ।

****** ० ******